बुद्द राई

जोगीदह नगरपालिका वडा नं १,

(नोटः सर्वमानाय भाषामा बुझ्नको लागी अति नै थोरै मात्रामा गरिएको शब्दको सरलिकरण)

समयः २:०० बजे, २८ अगष्ट, २०२०

दिपा श्रेठः तपाईलाई जसरी सजिलो हुन्छ त्यसरी भन्नुहोस्, बाल्यकालमा कसरी हुर्किनुभयो?

बुद्द राईः धन्यवाद मिस । म जन्मदा पहिले जोगीदह गा.वि.स थियो । वडा नं ६ खोरिया टोलमा म जन्मिएको । अँ.....२०३३ साल भदौ १५ गते मेरो जन्म भएको । म एक्दमै रमाउदै, खेल्दै हुर्किए । म जन्मिसकेपछि मेरो बहिनीहरू जन्मियो । भाई पनि थियो, भाई ६ बर्षको हुँदा बित्यो । अहिले ४ जना बहिनीहरू छ । र पछि एक जना बहिनी पनि बित्यो । अहिले मेरो ३ जना बहिनीहरू छन् । यसरी, अहिले म लगाएर हामी ४ जना छौं । हामीलाई खान लाउन लाई प्रश्स्त नै जग्गा थियो । अहिलेको जस्तो थोरै जग्गामा धेरै उब्जनि पहिले धेरै जग्गा भए पनि हुदैन थियो । तर, खान चाही पुग्थ्यो । हामी यसरी हुर्कदै, खेल्दै, बढ्दै गयौं । तर, सबैले गाई-बाखा पालेको देख्दा मलाई पनि एक्दमै गाई, बाखा पाल्न मन पर्थ्यो । मैले आमालाई म ठूलो भइसके अब म गाई-बाखा पाल्ने हो आमा भन्थे । यसरी, रमाउँदै बाखाहरू एक्दमै चराउथे । पछि सबै साथी, बहिनीहरू स्कूल जाने लहर चल्यो । अनि मैले पनि घरमा म पनि स्कूल जाने भने । आमा बुवाले किन स्कूल जानु पर्यो पहिले बाखा चराउने भनिस् अनि अहिले स्कूल जाने भन्छेस् पर्दैन स्कूल जान अब बाखाहरू कसले चराउछ भन्नु भयो । घरको जेठी छोरी भएको कारण आमालाई सघाउने, घर व्यवहार हेर्ने र गाई- बाखा चलाउने जस्तो कुरा गर्नु भयो । अनि मैले नाइ-नाइ म भागेर भए पनि स्कूल जान्छु भन्ने कुरा गरे । हुदैंन अब तिमी स्कूल गएर के गर्छौ भन्नु भयो । बुवा आमा पढ लेख गर्नु भएको थिएन त्यसकारण त्यस्तो कुरा गर्नु भयो । त्यसपछि कति सम्म सकूल गइन अनि फेरी साथीरू गएको देख्दा म गोठाला गएको हुन्थे, ती साथीहरू ड्रेस लगाएर घर फर्किदै गर्दा मलाई पनि एक्दम स्कूल जान मन लाग्थ्यो । तर जान पाएन र साथीहरूले यसरी यो पढेर आए भन्दा मलाई धेरै रहर लाग्थ्यो । गोठालामा साथीहरूसँग भेट हुँदा मलाई पनि सिकाइदेउन तिमीहरूले पढेको भन्दा सिकाइदिन्थे । अनि मलाई एक्दमै रहर लाग्थ्यो र बालुवामा जानेको अक्षर लेग्थे । पछि मैले नामहरू लेख्न थाले । अरूले स्कूल नगई पनि नाम लेख्न जान्दो रहेछौ त भन्दा म एक्दम उत्साहित हुन्थे । यसरी, गाइ-बस्तु चराउदै लेख्दै, पढ्दै जान्थे । यसरी, घरपरिवारलाई सघाउँदै म १३/१४ बर्षको पुगे त्यतिबेला बहिनीको बिहे गर्दिने कुरा भयो । गाउँबाट एक जना सरले होइन घरमा एकजना पढे लेखेको मान्छे हुनुपर्छ भन्नु भयो, चिठ्ठी चपेटामा पनि काम लाग्छ भन्नुभयो । सरले त्यस्तो भन्दा म पढ्न पाउछु जस्तो लाग्यो तर होइन तिमी काम गर्नु पर्छ भन्नुभयो । त्यतिखेर, पढ्न जाने रहर नै मरि हाल्यो । साँझमा बहिनी सकूल बाट फर्के पछि म घाँस लिएर आएको हुन्थे र बहिनीका किताबहरू साँझमा एक्दमै पढ्ने, कोर्ने गर्थे । पुराना कपिहरूमा डटले कोर्ने यस्तै गरि रहन्थे म । लाल्टिन, बत्तिहरू बालेर कोर्थे, त्यो जमानामा लाइन, बत्ति थिएन । बहिनीलाई तेरो होमओर्क कति छ ल्या म लेखिदिन्छु भन्थे होइन भन्थी उसले पछि आदि लेखि दिन्थे । यसरी, मेरो जीवन बित्दै गयो । बहिनी ३/४ क्लास पुगि सकेको थियो । त्यसपछि म १३/१४ निकै बर्षको पुगि सकेको थिए । त्यसपछि, म फेरी काठमाडौं जाने त्यस्तै खालको गाउमा चर्चा चल्यो । गाउँबाट काठमाडौं गएपछि धेरै पैसा कमिन्छ रे अनि गलैंचा बुन्ने अनेक कुराको चर्चा चल्यो । अनि

अरू साथीहरूको कुरा सुनेपछी मलाई कस्तो लाग्यो भने अब पढ्न पनि पाइएन बरू काठमाडौं भागेर जान्छु भन्ने लाग्यो । जान खर्च चाहिन्छ अनि मैले घरमा भने आमा बुवा अब म धेरै पैसा कमाउन काठमाडौं जान्छु भने, सधैं गाईबस्तु हेरेर हुदैन भने अनि एक जना गाउकै सरले तिमीले नपढि यति धेरै लेख्न पढ्न जान्दछौं, बरू तिमी अब पढ भन्नु भयो । तिमीले ६ कलास जति पढे पछि तिमीले पास गर्छौ भन्नुभयो । त्यसपछि म पढौं कि काठमाडौं जाउँ भन्ने भयो । अनि त्यसपछि किताब ल्याए, काठमाडौं नजाने कुरा चल्यो । सबै साथीरू काठमाडौं जाने भयो । पैसा नै ठूलो जस्तो लाग्यो । घरमा पनि अलि दुख थियो। खान लगाउन पुगे पनि पैसा धेरै देख्न पाइन्थेन । पैसा हुँदा त कति ठूलो मान्छे जस्तो लाग्थ्यो । आमाबुवाले पछि गएर पढ्ने भए पढ जाने भऐ जाँ भन्नुभयो । अब म पढ्दिन उमेर पनि धेरै बितिसक्यो साथीहरू पनि ८/९ कलास पढ्ने भएसकेपछि म कसरी पढ्नु ५/६ कलासमा बहिनी पनि माथीको कलासमा पुग्ने बेला भइसक्यो पढ्दिन अब काठमाडौं नै जान्छु भने । काठमाडौं जान एक्दमै खुसी हुदै टिकट मगाएपछि झाडापखाला, हैजा लागेर सिकिस्त भएपछि जानै सकिन । त्यतिबेला गाउँमा धेरै जना मर्यो पनि । म १ महिनासम्म थला परे जानै सकिन त्यसपछि निको भएर फेरी काठमाडौं नै जान्छु भने । १ महिनापछि म काठमाडौं गएँ । अढाइ वर्ष काठमाडौं बसेर गलैचा बुने । दसैंमा घर आउँथे दसैं- तिहार मानेर काठमाडौं फर्कि्थे । दसैंमा  घर आउँदा सबैलाई लत्ता कपडा, खर्च, मरमसाला लिएर आउँथे । सबै आमा बुवा खुसी हुनुहुन्थ्यो । सबैले छोरी मान्छे भएर पनि छोरा जस्तो पैसा कमाएर ल्यायो भन्नुहुन्थ्यो । परिवारमा छोरा नभएको धनि विदेश लाहुर बाट आए जस्तो सबै लिएर फलानाको छोरी आएछ भन्नु हुन्थ्यो एक जना छिमेकी काकाले । अहो, त्यति खेर मलाई लाग्यो छोरा र छोरीमा यति धेरैभेदभाव हुने रहेछ । छोराले मात्र कमाएर ल्याउनु पर्ने रहेछ जस्तो त्यतिखेर मलाई लाग्यो । अहो, त्यतिखेर मलाई लाग्यो म त छोरी रहेछु छोरा नहुँदा बा आमालाई त्यस्तो घृणा हुने रहेछ जस्तो लाग्यो । खुसी त लाग्यो बुवाआमा खुसी भएको देख्दा तर छिमेकीले त्यस्तो भन्दा खेरी अलिक फरक भिन्नता लाग्यो । छोरा छोरि मा यति धेरै भिन्नता हुने रहेछ । मेरो बुवा आमाको छोरा भएर पनि बाँचेन । हुनत हाम्रो जेठो मम्मी पनि हुनुहुन्थ्यो । जेठो मम्मी बाट दाइहरू पनि हुनुहुन्छ । अंश खाएर बसि राख्नु भएको छ । ३ वटा आमा हो मेरो आमा कान्छी हो । अरू दाई दिदिहरू पनि हुनुहुन्छ । उहाँहरूले अंश खाइसक्नु भएको छ । तर, छुट्टिएर छुट्टा छुट्टै बस्दा खेरी हामी मात्रै छौ । भर्खरको हाम्रो बाआमा जस्तो लाग्ने तर दाईहरू हुनुहुन्छ । दाईहरूलाई पनि अंश दिएर छुट्टाउनु भएको छ । तर, अब फरक नै हुने रहेछ, कान्छी आमाको फरक नै हुदो रहेछ । हामी साना  देखि नै बा-आमा सँग हुर्केको, पढेको उहाँहरू छुट्टै बसेको भिन्न नै हुनेरहेछ । पछि बाट त्यसरी नै आउने जाने क्रममा पछि अलिक ठुलै हुदै गइयो । पछि १९ बर्ष जस्तो हुदै जादा मेरो गाउको छिमेकी अहिले मेरो श्रीमान् हुनुहुन्छ । उहाँ पहाड बाट झर्नु भएको, बसाइसराई,  मेरो चाही यही जन्म भएको । उहाँ सँग मन पराई अब बिहे गर्ने कुराहरू भयो । बिहे गर्ने कुरा चाही चल्यो तर म काठमाडौं जादै आउदै त्यतिखेरको जमानामा मोबाइल थिएन, चिठ्ठी हुने म चिठ्ठी लेख्थे । उहाँले मलाई दिनु हुन्थ्यो । म पनि उहालाई दिन्थे । यसरी, नै चिठ्ठी  लेखेर ओहोरदोहोर हुन्थ्यो कहिले काँही काठमाडौं पठाउनु हुन्थ्यो हुलाकमा राखेर म पनि कहिले काँही पठाउथे । एकचोटी के भएछ भन्दा पोष्टकार्डको जमाना थियो । उहाँले मलाई पठाउनु हुन्थ्यौं मैले उहाँलाइ पठाउँथे एकचोटी त मैले उहालाई पठाएको चिठी मेरो घरमा गएछ । अनि त्यति खेर बुवाआमाले थाहा पाउनु भएछ । अहो, अनि तैले किन यस्तरी गरिस् भनेर उत्तरमा लेखी फेरी बुवाआमाले चिट्ठी लेख्न पठाउनु भएछ छिमेकीमा । चिठी लेखेर पठाउँदा पो म झसंग भए अहो, यस्तो लब गरेको पनि थाहा पाउनु भो जस्तो लाग्यो अनि त्यस्तो भएर पठाउँदा पठाउदै हाम्रो लब भयो ३ देखि ५ बर्षसम्म हल्काफुल्का मन परापर भएको थियो । बिहे चाही ठ्याक्कै ५ बर्षपछि भएको थियो होला । मज्जाले मनपराको चाही

२/अढाइ बर्ष नै भाको थियो त्यस पछि बिहे भयो । अनि सँगै बस्यौ  हुन त ५ मिनेटको फरक थियो उहाको घर र मेरो माईत उहाँ पढ्दै हुनुहुन्थ्यो । उहाँ चाही आइ ए पढ्दै हुनुहुन्थ्यो अनि उहाँले नोकरी पनि गर्नु भयो प्राविधिक सहायकमा ६/७ बर्ष त्यसपछि उहाँ विदेश जानुभयो त्यो छोडेर, संकटकालमा एकदम डर भयो । एकदम माओवादीको कालमा मार्छ होला भन्ने खालको डराइ भएर उहाँ जागिर छोडेर विदेश जानुभयो । अनि यस्तरी नै जिन्दगी अगाडी बढ्दै गयो । मेरो २ बच्चा पहिलो छोरा अनि दोस्रो छोरी छ । यसरी, मेरो बिचबिचमा कति गहिरो कुराहरू त थियो तर बोल्दा बोल्दै कुन बाटो हिडौँ जस्तो भइराखेको छ अनि त्यसैले छुट्यो होला । यसरी, जीवन चल्दै चल्दै आइरहेको छ ।

दिपा श्रेष्ठः तपाइको चेतना महिला समूह होईन? त्यसमा कसरी संलग्न हुनुभयो? के तपाई समूहको स्थापना देखि नै हुनुहुन्थ्यो कि त्यसको बारेमा अलिकति बुझ्नुम्न ।

बुद्द राईः हुन्छ । धन्यवाद! अब, चेतना महिला समूहमा के भयो भने जब म बिहे गरे, बिहे म आफैले गरेको, चेतना महिला समूह हुनु भन्दा अगाडि टोलटोलमा एउटा महिला समूह गठन भएको थियो । त्यो २०५२ सालकै कुरा हो । त्यतिखेर, मेरो सासु मम्मी हुनुहुन्थ्यो समूहमा पनि म गए, ०५२/०५३ सालमा म गए पछि ठ्याक्कै असार महिनामा म गएको त्यतिखेर गएपछि मेरो सासु मम्मीले मलाई अब “म होइन तिमी बस समूहमा, तिमी जानेको बुझेको पनि छौ” भनेर छोड्नु भयो । अनि त्यो समूहमा हुँदा हुँदै म आबद्द भएर सचिवको रूपमा मैले काम गरे । अनि त्यो हाम्रो चेतना महिला समूह हुनु भन्दा अगाडि जोगीदह गा. वि.स. मा ९ वटा वडाहरू थियो त्यतिखेर, अहिले नगरपालिका भएको हो । अनि त्यो ९ वटा वडाहरू हामीलाई worec Nepal भन्ने संस्थाले समूह टोलटोलमा बनाईदिनु भएको थियो । त्यो टोलटोलमा बनाको समूह नै हामीले त्यो ९ वटा वडा मा भाको १८ वटा समूहमा हामी टोलटोलमा थियौ । समूहमा आबद्द हुनु भएको पहिलो अध्यक्ष, सचिव को हुनुहुन्थयो जम्मा भएर एउटा संस्था समिति बनाउनु पर्छ भन्नु भयो त्यस कारण म सचिव भाको नाताले यहाँ आएर त्यो ९ वटा टोलको वडाको समूह मिलेर एउटा चेतना महिला समूहमा चाही हामीले स्थापना गर्यौ । अनि त्यो स्थापना गरिसकेपछि चाही अब के नाम राख्ने भन्दा खेरी चेतना महिला समूह राख्नु पर्छ महिलाहरूको हकहितको लागि काम गर्ने भएकोले नाम चाही चेतना महिला समूह राख्नुपर्छ भनेर हामीले स्तापना काल देखि म यहा हुदै समूह अनि संस्था बनायौँ । अनि त्यति खेर चाही मेरो सानो बच्चा मेरो छोरा पनि जन्मिराखेको थियो । अनि मा १६/१७ दिनको बच्चालाई थपक्क माइत पनि नजिक त्यहा राखेर अनि म यहा आउथे समूह बनाउन अनि यस्तो संस्था केहि पनि थिएन हामी चौडीमा बस्थ्यौ । कि कसैको घरमा बस्थ्यौँ यति गार्हो हुन्थ्यो कि त्यति खेर त्यो भन्दा अगाडि कुनै पनि समुह थिएन हाम्रो । यता त कुनै संस्थाहरु पनि आको थिएन अनि महिला जमघट भई यस्तो बनाउन थालौ भन्दा खेरी हामीले यति धेरै दबाब र चुनौती पायौँ । पोथी बासेको राम्रो हुदैन । उ फलाना महिलाहरू पनि जम्मा भएर यसरी समूह बानउन थाले भन्ने खालको कुराहरू आउथ्यो । फलानाको बुढी पनि हिड्न थाली । हामी त बस्ने ठाउँ पनि हुदैन थियो । अनि एउटाको घर गयो उसको श्रीमान र सासुले लखेट्ने हो कि, त्यस्तो हुने । अनि हामी चौडीमा रूखको फेदमुनि छहारी मा एउटा माइन्यूट रजिष्टर अनि भेला भएर फोन हुदैन थियो अनि आउ भनेर खबर पठाएर भेला भएर यो चेतना महिला समूह बनायौ । २०५३ सालमा गठन गर्दै गर्दै २०५६ सालमा संस्था दर्ता गर्नु पर्छ कानूनी रूपमा पनि कसैले पनि केही गर्न नसक्ने खालको प्रशासनमा दर्ता गर्नुपर्छ भन्ने खालको उहाँहरूले हामीलाई सहयोग गर्नु भयो र दर्ता गरायौँ । स्थापना कालमा म सदस्य थिए । पछाडी मा कोषाअध्यक्ष भए अनि उपाध्यक्ष पनि भए बिचमा आएर अलिक कार्यक्रम साझेदारी मा धयचभअ सँग

गर्दा चाही कार्यक्रम चलाउने एउटा सहजकर्ता भएर पनि कार्यक्रम गरे । त्यतिखेर हल्का साइड लागेर म कर्मचाको रूपमा पनि काम गरे १/डेढ बर्ष । त्यसपछि फेरी पनि कोषाअध्यक्ष मै छु । यसरी, स्थापना काल देखी नै म संस्थापक नै छु मिस ।

दिपा श्रेष्ठः अनि यो संस्थाले के-के कामहरू गर्छ अलिकति भनिदिनुस् न?

बुद्द राईः यो संस्थाले पहिले चाही हामीले यसरी दर्ता गरिसके पछि हामीले महिला हिंसा बिरूद्दको काम, महिला स्वास्थ्यको काम, बाल विकासहरू र बाल अधिकार सम्बन्धीको कामहरू गर्यो । अनि साइडमा हामीले कृषि सँग समन्वय गरेर पनि काम गर्यौं । यसरी, जलवायू सम्बन्धीको काम पनि गर्दै नै आएका छौं । युवा समूह गठन गरेर कामहरु पनि गर्यौं । यसरी, महिलाको स्वास्थ्य र महिलाको अधीकारको क्षेत्रमा हामीले काम गर्यौं ।

दिपा श्रेष्ठः त्यस्तो काम गर्दा केही रमाईला क्षणहरू भएको छ भने हामीलाई शेयर गर्दिनुस् न?

बुद्द राईः रमाइलो पनि धेरे " अब किनकि पहिले पहिले हामीलाई यो संस्थामा रहेर गाउघर गएर परिचय गर्न सार्है गार्हो हुन्थ्यो । जति हिडे डुले पनि परिचय गर्ने बेलामा यस्तो डर हुन्थ्यो कि यस्तो डर । हामी परिचय गर्ने बेला अब लाइन आयो भने पछि हामी ढुकढुक भएर हामी भाग्ने कोसिस समेत गर्थ्यौ । अनि यसरी हिड्दै हिड्दै जादा खेरी हाम्रो बानी भयो । यसरी हिड्दा खेरी कहिले काही रमाइलो, कहिले साथी सँग पीडा पनि हुन्थ्यो, कहिले भनाभन पनि हुन्थ्यो । कहिले रमाइलो पनि हुन्छ धेरै जनासँग भेट हुँदा, बोल्न पाउँदा, डुल्न पाउँदा, धेरै रमाइलो पनि भयो । अब कार्यक्रममा कहाँ कहाँको साथीहरूसँग चिनजान हुन्छ, बोलचाल हुन्छ, भेटघाट हुन्छ त्यो पनि रमाईलो भयो । अनि बिस्तारै अब म त यो भन्दा १/ डेढ बर्ष भयो होला यही संस्थाले गर्दा बाहिर थाइल्याण्ड सम्म घुम्न जाने मौका पनि पाएँ । मा घुम्न गएँ । काठमाडौं कहिले काही घुम्न मात्र जान्थे अब यो काम संस्थाले गर्दा रमाईलो भएको छ । जुन संस्थाबाट तालिम भएको छ भने बोलाउनु हुन्छ जान्छु यति रमाइलो रोमान्टिक घुम्न पाउदा खेरी त धेरै रमाइलो पनि भको छ ।

दिपा श्रेष्ठः यो संस्थाको स्थापना भए पछी महिला र बालबालिकाको लागि मेन फोकस गरेर तपाईहरूको संस्थाले गर्छ, उनीहरूको जीवनमा के कस्तो परिवर्तनन आएको छ जस्तो लाग्छ तपाइलाई?

बुद्द राईः धेरै परिवर्तन आको छ मिस । किनभने पहिले-पहिले पढेर मात्र पनि हुदैन होइन । अब स्कुलमा पनि पढाँउथ्यो । बालबालिकाहरू स्कुलमा पनि पढ्थ्यो । पढेको सिधै कुराहरूमात्र बुझ्थ्यौं । यहानिर आउँदा अधिकारका कुराहरू, अब बिभिन्न खालका आफ्ना अधिकार, आफूले खान पाउने, बाँच्न पाउने, हिडडुल गर्न पाउने जस्ता अधिकारको कुराहरू गर्न पाउदा खेरी त पहिले-पहिले त हामीले ९/१० कलासको बच्चाहरूलाई ल्याएर हामीले स्कुलबाट कार्यक्रममा बोलाएर ल्याउदा खेरी उहाहरू सिधै पढ्ने मात्र परिचय समेत गर्न नसक्ने बालबालिकाहरू अब अधिकारको कुरा त परै छाडौं । त्यो किताबमा के-के छ त्यो मात्र पढ्ने यस्तो अधिकारको कुरा यसरी हिड्न डुल्न पाउने, बाँच्न पाउने अधिकारको कुरा, खेल्ने पाउने यस्तो अधिकार त उनीहरूलाई केही पानि थाहा हुदैन

थियो पढेर मात्रै । अनि स्वास्थ्यको अधिकार अब बालबालिकामा पनि किशोरकिशोरीको अधिकारको कुराहरू उनीहरूले सुन्न पनि पाउदैन थियो । अनि स्कूलमा पढाँउदा जहिले पनि केटा र केटी हुन्छ त्यो जुन युवा र युवती हुन्छ । स्वास्थ्यको कुरा पढाँउदा उहाँहरू त झन् केटाहरू उत्सुक भएर सोधेर सबै प्रश्न गर्ने, स्वास्थ्यको, शरीरको कुरा हुँदा खेरी, केटीहरू एक्दमै पछाडी परेर, मुख छोपेर, दाइ छ कि भाइ छ कि भनेर एक्दम पछाडि परिरहेको अवस्था थियो । अनि जहिले पनि स्वास्थ्यमा केटी, युवतीहरू फेल हुने । उनीहरूले सोधु भन्दा पनि दाजुभाई पनि स्कूल आईराखेको छ सँगै छ । जहिले फेल हुने अनि यसमा धेरै परिवर्तन भको छ जस्तो लाग्छ । अब हामीले बाल बिकासको कुराहरू गर्दा खेरी पनि अब सिधै एकैचोटी ५/६ बर्ष पुगे पछि स्कूल आउने चलन थियो । अहिले त हामीले हाम्रो संस्थाले बालबिकासको काम गर्दा खेरी ६ महिना देखि नै कार्यक्रममा लाने, डुलाउने खेलाउने, चित्र देखाउने, सबै त्यसरी गर्दा खेरी चाही उनीहरू जहिले पनि स्कूल जादा त्यो बच्चालाई भर्ना गरिसकेपछि जहिले त्यो बच्चाहरू अलिक अगाडि आउने, बोल्न पनि सक्ने, लेख्न सक्ने, प्रश्न गर्न सक्ने, त्यस्तो खालको परिवर्तन थुप्रो भको थियो ।

दिपा श्रेष्ठः महिलाहरुको के कस्तो परिवर्तन आयो त्यो पनि भनिदिनुस् न अलिकति?

बुद्द राईः महिलाहरुको पनि त्यही हो । हामीहरू पनि पहिला तालिम लिनु भन्दा अगाडि नाम भन्न पनि लाज मान्ने महिलाहरू नै थियौं । हामी जस्तै महिलाहरू, दिदीबहिनी नै हुनुहन्छ । अब मानिलिउ धेरै-धेरै पढ्ने महिला दिदी बहिनीहरूसँग पनि मैले काम गरे । अब आइ.ए., बी.ए गर्ने दिदीबहिनी पनि हुनुहुन्छ समूहमा । त्यहाँ कार्यक्रम चलाउन जाँदा खेरी अब यस्ता कुराहरू आफ्नै महिला अधिकारका कुराहरू गर्दा खेरी महिला हिंसाको कुरा गर्दा खेरी अनि उहाँहरू चाही "कस्तो कुरालाई हिंसा भन्ने" कुराहरू पनि थाहा हुदैन थियो । पढेर त आउनु भयो उहाँहरू अनि कुन हिंसा कसरी घटेको छ। कुन हिंसा कस्तो भइराखेको छ । अनि हामीले पाउने अधिकार के-के हो । भन्ने कुराहरू थाहा थिएन । किन कि पहिले सासुले पनि त्यस्तै भोगेर, त्यस्तै यातनाहरू भोगेर, सहेर आउनु भएको थियो । अनि हामी पनि अब बुहारी भयौं अनि त्यही भोग्नु पर्छ भन्ने मान्यतामा हुनुहुन्थ्यो उहाँहरू, हामी पनि त्यस्तै थियौ । सासुले पनि त्यस्तो दुख भोगेको हामी पनि अब दुख भोग्नै पर्छ पछि हाम्रो पनि पालो आउला भन्ने जस्तो कुरामा उहाँहरू ब्यस्त हुनुहुन्थ्यो । तर, कार्यक्रमले धेरै परिवर्तन ल्याएको छ । अब यो गर्नुहुन्न । हामी महिलाहरूलाई यस्तो-यस्तो अधिकार प्राप्त भइसकेको छ । हामीले मात्र नबुझेर, नजानेर, यो कुनै कुराहरू चाही जानकारी नभएर मात्रै हामी पछाडि परेको छु । अनि यसरी गर्नुहुदैन, परिवर्तन भनेको चाही कुन किसिमले जानु पर्छ त्यो बारेमा जानकारी जनचेतना दिदै जादाखेरी महिलाहरूको पनि धेरै जीवनमा उदार भएको छ किनकि हिंसाबाट हिंसा रहित अलिक समाजहरू चाही भएको छ । अनि पहिले सासुले जे भोग्यो मैले त्यही भोग्नु पर्छ भन्नेछैन । अहिले चाही मेरो सासुले त्यति धेरै ठूलो पीडा भोगेर सहेर यहाँ सम्म आउनुभयो हामीले पनि हाम्रो बुहारीलाई त्यही दिनु पर्छ भन्ने छैन । धेरे परिवर्तन भाको छ । जे भए पनि समाजलाई परिवर्तन गराउनुपर्छ । यो पहिलेको रूढीवादी परम्परालाई त्याग्नुपर्छ । यो समजालाई नयाँ ढङ्गले लानुपर्छ भन्ने हिसाबमा अहिले आइसक्नु भाको छ । अहिले सदाबस्तीको कुरा गर्दा, सदाबस्ती भनेको चाही हाम्रो समुदायमा मुसहर बस्ती छ जुन मुसहर बस्ती कार्यक्रम गर्न जादाखेरी एकदमै निम्न दलितहरू हुनुहुन्छ । एक्दमै खान लगाउन जग्गा जमिनहरूबाट बन्चित भाको । उहाँहरूलाई कार्यक्रममा ल्याउदा खेरी पहिले त्यसरी जादा खेरी के भन्नु हुन्थ्यो उहाँहरू, हामीलाई कार्यक्रम दिनुस्, यो कुरा पनि राम्रो रहेछ पछि देखि के भन्नु हुन्छ उहाहरू, चेतना जागेर पनि हो "मिस तपाइहरूको कार्यक्रममा जान्छौ हामी,

हामीलाई एउटा खाजा मात्र हुन्छ अनि हामीलाई रोजीरोटी को ले दिने, दिनभरी हामी यहाँ बस्यौ भने हाम्रो बालबच्चालाई कले पाल्ने", ? त्यो सम्म पनि भन्ने सक्नुहुने भाको छ उहाँहरू । किनभने पहिले चाही यो कार्यक्रम जादा खेरी हुदो रहेछ जान्ने कुरा, जानियो भन्ने पनि भयो । पछि चाँही उहाँले जानेर त हो नि हाम्रो रोजीरोटी सम्म खोज्ने अधिकारहरूको चाही कुरा गर्नुहुन्छ । धेरै महिलाहरूमा, बालबालिकामा, सम्पूर्णमा अहिले परिवर्तन चाही भाको छ यो कार्यक्रमहरूले ।

दिपा श्रेष्ठः तपाईले अब यो संस्थामा आबद्द भएपछि तपाइको जीवनमा कस्तो बदलाव आयो? कस्तो समस्याहरू झेल्न पर्यो संस्था खोलेर? त्यसको बारेमा भनिदिनुहोस् न ।

बुद्द राईः किनभने जहा सफलता त्यहाँ समस्या पनि हुन्छ । जहा समस्या त्यहाँ सफलता पनि गर्नु पर्छ । किनभने धेरै समस्या आको थियो । यो भन्दा अगाडि महिलाहरूको संगठन नै थिएन महिलाको सभा सम्मेलन केहि पनि थिएन । पार्टीमा पनि कुनै महिला थिएन । अनि एक्कासी समूह बनाएर बस्दा खेरी चाही अब झन सार्हो कस्तो कुरापनि आको थियो भने यो ध्यचभअ भन्ने संस्थाले महिला सबैलाई बिगारेर अब कुनै महिलाको बिहे पनि गर्न नदिने भए भन्ने कुरा पनि उठ्यो । Worec मा लागी सकेको महिला चाही बुढीकन्या बस्छ । बिहे पनि नगर्ने भयो भन्ने कुराहरू, चुनौती, दबाब पनि आयो । उनैको शाखा यो चेतना पनि उनीहरूले नै बनाएको हो । अब सबै महिलाहरूलाई चाही बिगार्ने भयो । यीनीहरू चाही हिड्छ-हिड्छ हाम्रो बुढीहरूलाई चाही जान दिनुहुँदैन भन्ने खालको कुराहरू, चुनौनी, दबाबहरू आए । अनि हामीले महिलाहरूको मुद्दामा काम गर्दा खेरी अब पहिले जान्थ्यो जानु चाही नहुने रहेछ अहिले बुझ्दा खेरी हामी पनि धेरै परिवर्तित भयौ अहिले बुझ्दाखेरी । अहिले मुद्दाहरू आयो भने हामी जाँदैनौ । पहिले हामी के गर्थ्यौं । भने एउटा महिला माथी हिंसा भयो भने कहाँनिर भाको छ अनि हामीलाई यहा बोलाउन आयो भने हामी त्यहाँ निर जान्थ्यौ अनि त्यहाँ निर गएर अब कसरी समन्वय गर्ने, के गर्ने सामान्य खालको कुटपिट भयो भने कसरी गर्ने भन्ने खालको कुराहरूमा जादा खेरी अनि एक दिन हामीलाई यस्तो भयो कि श्रीमान् श्रीमतीको झगडा पनि रहेछ अनि त्यहाँ निर गएको उनीहरू त फेरी त्यहाँ कुटामार चल्न थाल्यो । तपाइहरू किन आउनु भएको हाम्रो घर बिगार्न ह्या-त्या सम्म पनि भन्नुभयो । पछि हामीले पनि परिमार्जित गर्दै त्यो पछि गएनौ । अनि यस्तो खालको समस्या आउथ्यो । चेतना भन्ने समूहले महिलाहरू बिगार्छ भन्ने कुराहरू गर्थ्यौ । कतिले त जुन महिलाहरू पीडित छ त्यो पीडित भएको पक्षहरू को उद्दार भएको छ त्यहाँको पुरूषहरूले पनि सहयोग गर्नुहुन्थ्यो । हो, यति अन्यायमा परेका महिलाहरूलाई उकास्ने काम गर्नुभएको छ, न्याय दिने काम गर्नु भएको छ , राम्रो हो भनेर कतिपयले भन्नुहुन्थ्यो । कतिपय चाही घेराउ .... अब यीनीहरूलाई यसरी हिड्न दिनुहुँदैन । यसरी, आउन दिनुहुँदैन भन्ने समेत चुनौती खेपियो । धेरै कुराहरू पनि भयो । अनि त्यस्तो दबाबहरू पनि आयो । तर, सिधै आएर संस्थामा चाही होइन, हामीले कहाँ-कहाँ बाट हामीलाई direct चाही भन्न नसक्ने त्यस्तो झटाराहरू पठाउने गर्नुहुन्थ्यो । ठूलो ठूलो समस्याहरू पनि आए ।

LOOM

दिपा श्रेष्ठः तपाईको आफ्नो व्यक्तिगत जीवनमा के कस्तो परिवर्तन आयो यो संस्थामा लागेपछी ? तपाइले घरको काममा कमै ध्यान दिनु भयो होला यो संस्थामा लागी सकेपछी । घरमा समस्या आयो आएन? परिवारका सदस्यले सहयोग गर्नुभयो कि गर्नुभएन? त्यसको बारमा पनि भनिदिनुस् न ।

बुद्द राईः मलाई मेरो घरबाट धेरै ठूलो सपोर्ट भाको हो । यदी घरको सपोर्ट थिएन भने म यति सम्म पनि आउन सक्थिन होला । मैले धेरै ठूलो संघर्ष गर्नु पर्थ्यो होला । घरबाट त्यस्तो धेरै ठूलो समस्या भएन । किनभने, मेरो सासु हुन त पढ्नु भएको छैन । निरक्षर नै हुनुहुन्छ । उहाँ अलिक बुझ्ने नै हुनुहुन्छ । सोझ्ो नै हुनुहुन्छ । सोझ्ो हुँदैमा मौकाको फाइदा त उठाउनु हुँदैन मैले पनि । घरलाई सहयोग गर्दै, मैले पनि संस्थामा लाग्नु पर्छ, यसरी गर्नुपर्छ । म लागी त हाले मलाई चाही एउटा एकदम ठूलो परिवर्तन भएको छ किनकि मैले त्यति ठूलो संघर्ष गर्नुपर्थ्यो पढ्न नपाउँदा खेरी । अब कतिले भन्नु भयो पढेर मात्र हुदैन परेर पनि जानिन्छ कति कुराहरू त, अनि मलाई त्यसो भन्दै-भन्दै जादा खेरी कसै-कसैको कुराहरूले यति उत्साहित बनाउथ्यो कि, अब हामी चाही आइ.ए , बी. ए गरिसके, तर तपाई चाही पढ्नु भएन, घर छोडेर पनि तपाई यति ठूलो-ठूलो कार्यक्रम चलाउदै हिड्नुहुन्छ । म आफैलाई झन धेरै हिड्न मन लाग्ने कहिले मेरो घरमा झगडा भएन, सहज नै भएराख्यो । श्रीमान् अलिकति पढेलेखेकै हुनुहुन्छ । त्यसरी कैले पनि “न जा”, त्यसरी “नगर” भन्नुभएन । सहयोग नै गर्नुभयो । त्यतिखेर मेरो नन्दहरू पनि हुनुहुन्थ्यो घरमा । साना-साना त्यही ६/७ कलास ३/४ कलास पढ्दै गरेको थियो २ वटा । नन्दहरूले पनि म नपढेको भए पनि त्यति साह्रो उ नगर्ने, म जहाँ गए पनि सहयोग नै गर्नुभयो । नन्दको बिहे भइसकेपछि त हामी २/३ जना मात्र भइम् । अनि म घरलाई पनि सहयोग गर्दै अनि मेरो श्रीमान् बिदेश जानु भयो । व्यवहारमा पनि आफैं गर्दै । यसरी गर्दै जादा झनै ठूलो मेरो जीवनमा परिवर्तन भएको मलाई महसुस भएको छ र म मेरो सासु लगायत ससुरा त हुनुहुन्न मेरो श्रीमान १० वर्षको हुदा बित्नु भाको रे, मेरो सासु लगायत घरको परिवारलाई म धन्यवाद नै दिन चाहन्छु । मेरो माइतमा त्यति धेरै संघर्ष गरेर पढ्न खोज्दा पनि बुझ्नु भएन । तर, म त्यसरी नपढाउनु भएकोमा गुनासो गर्दिन किन कि उहाहरू पनि अशिक्षित हुनुहुन्थ्यो । समाज पनि त्यस्तै थियो । त्यसकारण म उहाहरूलाई सराप्न न त चाहन्न । मेरो चाही यो समूहमा र संस्थामा लागीकन संस्थाको र समाजको परिवर्तन सँगै मेरो पनि धेरै परिवर्तन भएको जस्तो लाग्छ ।

दिपा श्रेष्ठः तपाई उदयपुरको जोगीदह साइडतिर बस्नुहुन्छ भन्नुभयो, त्यहाँ त धेरै थारु जातीको बहुल्यता हुन्छ । तपाई राई समुदायबाट पर्नुभयो त्यो भएर तपाईलाई केही समस्याहरू भोग्नु परेको छ कि, छैन? आफ्नो समूहमा धेरै थारू जाती भएर समस्याहरू आएको छ, छैन?

बुद्द राईः त्यसमा मलाई चाही‘. म पनि यही जन्मेको । यही समुदायमा थारू समुदाय नजिक-नजिकै सबै छिमेकी नै हो । अनि मलाई भाषामा खासै अफठ्यारो भएन । म अलि-अलि थारू भाषा पनि बोल्छु । अनि त्यस्तो खालको समस्या चाही छैन । हाम्रो सबै भन्दा बेसी बाहुल्यता थारूहरूकै थियो । अहिले चाही मिश्रित जस्तै भइसकेको छ । पहिले चाही थारू नै बेसी अनि क्षेत्री-बाहुन चाही केही मात्रामा । राईहरू पनि पहिले त थोरै नै थिए । पछिबाट धेरै नै भा छ, मिश्रित नै भा छ । तर, मलाई थारू समुदायमा मैले बेसी काम गर्ने भनेको यो समूहमा लाग्ने र समूह बनाउनु पर्छ भनेर हिड्नु हुने नै सबै मेरो थारू समुदायकै साथीहरू हो । अनि, मलाई भाषामा पनि फरक पर्दैन । अनि, म सबै कुरामा बोली पनि दिन्छु त्यसरी नै, अनि हिड्छु । मलाई सबैमा मा म त्यस्तो नराम्रो छैन । अहिले मात्र म झट्ट रिसाउँछु पहिले-पहिले मा रिसाउदिनथे । अनि, म जहिले पनि हाँसेर नै बोल्ने अनि साथीहरू एक्दमै खुसी हुनुहुन्थ्यो । अहिले पनि मलाई कतै गयो भने पछि आउनु बस्नु भन्नुहुन्छ । तर, अहिले म पहिले जति साइकल लिएर एकदम कालो कालो भएर कार्यक्रम गर्न दौढ्दै गर्थे । अहिले म त्यसरी दौढेको छैन । अहिले कार्यक्रम पनि त्यति धेरै छैन । हुँदा पनि साथीहरू हुनुहन्थ्यो । पहिले मैले

कार्यक्रम नै चलाएको हुनाले चिनजान थियो । अनि त्यस्तो खासै गार्हो र अफठ्यारो भएन समुदायमा । प्रशंसा नै चाही राथ्यो त्यस्तो खालको कुनै नराम्रो अनि त्यही हिंसाको केसहरूमा मात्रै नत्र भने देखी त्यस्तो नराम्रो भएन । समुदायमा मलाई सबैले चौधरी, थारू समुदायले नै विशेष गरेर मन पराउनु हुन्थ्यो ।

दिपा श्रेष्ठः तपाईहरूको समूह महिलाहरूको समूह भयो होइन, सुरू-सुरूमा त तपाईहरूलाई समस्या आयो अहिले चाही त्यहाँको पुरूषहरूले तपाईहरूलाई कतिको समर्थन देखाउनुहुन्छ? महिलाहरूको संस्थालाई कतिको आत्मसात गर्नुहुन्छ? तपाईहरूले गरेको कामलाई अहिले समर्थन दिनुहुन्छ कि हुदैन?

बुद्द राईः अब अहिले खासै त्यस्तो गर्नुहुन्न । अहिले निर्वाचन आएर अध्यक्षहरू आइसक्यो, २/३ बर्ष भइसक्यो । त्यो भन्दा अगाडि कुनै पार्टीको निर्वाचनहरू भाको थिएन । अनि हाम्रो दलहरूले, हामीले सबै, हाम्रो संस्थाले के गरेको थियो भने जति पनि हाम्रो त्यति खेर सात दल हुन्थ्यो । जति पनि जोगीदहमा भाको प्रतिनिधि चाही हाम्रो संस्थाको सल्लाकार हामीले बनाको थियौ त्यो बेला । अनि सबै पुरूषलाई हामीले सल्लाकार बनाइसकेपछि हामीलाई हर कुरामा साथ सहयोग गर्नभयो । अहिले, खासै हाम्रो संस्थामा त्यस्तो खुट्टा तान्ने कसैले पनि गर्नु सक्नुहुन्न । अहिले चुनावमा परिवर्तन धेरै कुराहरुले अलग भाको छ, पार्टीहरूसँग कुरा नमिल्ने । त्यस्तो खालका कुराहरूले अलिकति संस्थालाई प्रभाव चाही पारेको छ । पहिले चाही जुनै बजेट आएपछि अब सातै दल हाम्रो हात भइसकेपछि, सबै नेताहरू हाम्रै सल्लाकार भइसकेपछि उहाँहरू बस्नुहुन्थ्यो अनि उहाँहरू बसेको ठाउँमा हामीलाई पनि बोलाउनुहुन्थ्यो । अनि हरेक योजनामा महिलाहरूको कार्यक्रमहरूमा हामीलाई बोलाउनु हुन्थ्यो अनि यसरी कार्यक्रम गर्दा धेरै राम्रो थियो । अहिले चाही हल्का यो चुनावले गर्दा, कुनै पार्टीमा नमिल्ला, कुनै के मा नमिल्ला, हल्का अफठ्यारो चाही भाको छ । हाम्रो संस्थालाई खुट्टा नै तान्ने खालको कुनै पुरूषले गर्नुहुन्न । यदी त्यस्तो गरेको थाहा पाइयौ भने, हामीलाई मष्चभअत रूपमा त भन्नुहुन्न । कतै बाट आवाज आएछ भने हामी direct फोन गरेर कुरा गर्न सक्छौ । अफठ्यारो चाही छैन हाम्रो संस्थालाई अहिले ।

दिपा श्रेष्ठः तपाईको संस्थाले महिलाको अधिकारसँग रहेर कामहरू गर्यो, बालबालिकालाई आफ्नो अधिकार के हो, महिला हिंसा के हो, अब भर्खरै जलवायु परिवर्तनको विषयलाई लिएर अग्रसर भएको इन्टरनेटमा पढ्न पाए । जलवायुसँग सम्बन्धित के-के काम गर्छ थोरै भनि दिनुस् न ।

बुद्द राईः (अँ.....) किनभने हाम्रो जलवायु परिवर्तन सम्बन्धि हामीले जलवायु न्यायमा महिला सहभागितामूलक कार्यक्रममा पहिले चाही हामीलाई जलवायु सम्बन्धि कार्यक्रम पर्यो, EPELD थाइल्याण्डको संस्थाले हामीसँग सहकार्य गरेर कार्यक्रम आयो । त्यो कार्यक्रम सुरूमा अब मलाई कस्तो गार्हो भयो भने त्यो थाइल्याण्डको संस्था, English बाट सबै कुरा अब कसरी के गर्ने भयो । कार्यक्रम पठाउनु भयो । कार्यक्रम पठाइसकेपछि त्यो कसरी गर्ने भन्ने कुराहरू पनि त्यति थाहा थिएन । अनि एकजना हामीले हाम्रो Research कर्ता भनेर तारा खनाललाई हाम्रो संस्थामा कर्मचारीको रूपमा राखे थियौ । अनि उहाले नै उहाँसँग contact गरेर कुरा गर्दै जादाखेरी अब समुदायमा काम गर्ने, अब यही कार्यक्रम गर्नु ठोस चाही गर्नु भाको रैनछ । अब जलवायु सम्बन्धि कार्यक्रम गर्नु भनेर भन्नु भाको छ । अनि कसरी गर्ने अनि हामीले नै बसेर कसरी गर्ने त, कुन

कार्यक्रम गर्दा खेरी जलवायु सम्बन्धि महिलाहरूको न्यायको लागी हुन्छ भन्ने खालको कुराहरू भयो । अब जलवायु परिवर्तन सम्बन्धि अन्य अन्य संस्थाहरू जस्तै Red Cross जस्ताले थुप्रै कार्यक्रमहरू पनि गर्यो । अनि त्यो भन्दा हाम्रो त महिलाहरूसँग, महिलाको उदेश्यसँग पनि, यहाँको संस्थाको उदेश्यसँग पनि जोडिनु पर्ने हुन्छ । अनि हामीले नै अब कसरी गर्ने भन्ने कुराहरू निकालेर महिलाको स्वास्थ्यमा जलवायु परिवर्तनले कस्तो खालको असर पार्यो भन्ने खालको कार्यक्रम र त्यस सम्बन्धि कार्यक्रम गर्दा राम्रो हुन्छ भन्ने खालको कुरा भयो । अनि त्यसैलाई विशेष गरेर महिलाहरूलाई चाही यो जलवायु परिवर्तनले कस्तो कस्तो खालको असर पुर्याएछ त, महिला तथा बालबालिकाहरूलाई र हाम्रो उद्देश्य पनि मिल्यो । अनि यसरी नै हामीले समुदायमा गएर अनि त्यहीको पुराना सब भन्दा वृद महिलाहरू, भर्खरको महिलाहरू, पढलेख धेरै पढलेख गरेको विद्वान महिलाहरू, सबै रेकर्ड लिएर, उहाँहरूको भनाई लिएर, जस्तै उदाहरण; यो भन्दा ३० बर्ष अगाडि तपाईहरू यो ठाउमा हुनुहन्थ्यो अनि यो ठाउँमा हुँदाखेरी यो खोलाहरू कत्रो थियो त भनेर सोधेर, उहाँहरूलाई नै प्रश्न गरेर अनि उहाहरूले भन्नुहुन्थ्यो कि यो हामी जन्मिदा जन्मिदै यति उमेर पार गरिसक्यो, हामी जन्मिदा खेरी र यहाँ हुँदा खेरी यो खोला चाही फड्को मारेर हिड्ने थियो । अनि यो घना बस्तीहरूमा एक्दम बाघ भालु लाग्थ्यो । यो धेरै जङ्गलहरू थियो । बस्तूहरू थिएन । ठूलो घरहरू, building हरू केही पनि थिएन । अहिले हेर्दाहेर्दै पहिलेको जलवायुमा पानी पर्ने तरिहरूका पनि फरक थियो । अहिलेमा पानी पर्ने हावा हुरी चल्ने तरिका पनि एक्दम फरक छ । अनि उहाँहरूको कुराहरूलाई लिदै लिदै चाही यसरी हामीले कुनै समूह बनाएर, कुनै चाही ब्यक्तीसँग डाटा संकलन गरेर यसरी हामीले उहाँहरूको भनाईलाई लिदै, जोड्दै अनि हामीले यसरी कार्यक्रम गरेर एउटा म्यअगफभलत जस्तै, visual हरू पनि गर्यौ । अनि उहाँहरूको भनाई, सबै बोलीलाई गर्दै गर्दै त्यसरी हामीले एउटा video पनि बनाको छौँ । रिपोर्टहरू पनि उहाँहरूले बनाउनु भाको छ । अनि यसरी चाही हामीले कार्यक्रम गर्यौ । १८ महिनासम्म उहाँहरू कै, अनि मेयरहरूसँग, जिल्लामा भएको, ठूलो ठूलो पत्रकारहरूसँग, सबैसँग अनि अस्ती हामीले यही फाल्गुनमा गएर ज्ञापनपत्र पनि बुझायौ सिंहदरबारमा गएर । प्रदेश सम्म पनि जाने कुरा थियो । Lockdown बिचमा भइहाल्यो । यो अन्तिममा चाही सबैलाई हाम्रो ज्ञापनपत्र बुझाएर हाम्रो कार्यक्रम सक्ने भन्ने कुराहरू चाही थियो । हामीले समुदायमा यसरी कार्यक्रम गर्यौं ।

दिपा श्रेष्ठः तपाईले अघि भन्नुभाको थियो यो संस्था स्थापना गर्नु अघि महिलाहरूको सानो-सानो संस्था जस्तै थियो अनि त्यसलाई नै जोडेर ठुलो बनाको भन्नु भाको थियो नि, तपाईले सबै महिलाहरूको समुदायलाइ साथ लिएर अगाडि बढ्दा तपाईको अनुभव कस्तो रह्यो? सुने अनुसार सबै समस्या नै तपाईकोमा आउँछ रे, अनि तपाईले सबै समस्याको समाधान दिनुहुन्छ रे, त्यसको अनुभव पनि बताईदिनुस् न ।

बुद्द राईः किनभने हाम्रो साथीहरू अरूहरू पनि हुनुहुन्थ्यो, संस्थापक साथीहरू । संस्थापक साथीहरू धेरे जनाहरू अन्त, अन्य संस्थामा पनि लागी सक्नु भयो । सबभन्दा पुरानो भएको हिसाबले र अलिकति परानो र म पहिले पनि यताउता ढल्किने, म धेरे बनावटी कुरा गर्न पनि जान्दिन अनि मान्छेहरूले कुरा थोरै भए पनि मज्जाले धेरै बनाएर बोल्ने हुन्छ नि, म त्यस्तो शैली पटक्कै जान्दिन । मेरो एक्दम ठाडो भाषा छ अनि म मेरो लागी साथी आउनु भयो । पहिले चोटी दुख पोख्न आउनु भयो । चाहे त्यो आफैले गल्ती गरेर आउनु भाको छ । चाहे आफू तल हुनुहुन्छ । त्यो भनिसकेपछि मात्र थाहा हुन्छ । कतिले चाही पहिले भनेकै ठूलो कुरा हुन्छ । कतिले चाही ज ले कुरा ल्यायो, ज ले चिन्यायो ।

त्यो चाही म मा छैन । किन भने गल्तीलाई गल्ती जहिले पनि खुलेर भन्ने हो । अनि उसको कमजोरी छ भने उलाई पहिले आयो भन्दैमा उलाई माफी नकस्ने । तिम्रो यहाँ-यहाँ कमजोरी छ तिमीले पनि यो गर्नुपर्छ भनेर भन्ने मेरो एउटा बानी छ । र कतिपय साथीहरूलाई हेर्छु अलिकति चाकडी गर्यो उसको, नमस्कार गर्यो, त्यो प्रति अलिकति ढल्किने हुन्छ साथीहरू । त्यो मलाइ आउँदैन । त्यो भएर पनि होला । त्यसरी भएर पनि होला साथीहरूले धेरै पनि बोल्दैन, जति बोलेको कुरा त्यति अन्जायज बनाएर पनि मलाई बोल्दैन भन्नुहुन्छ । त्यही भएर पनि मनिर आउनुहुन्छ होला उहाँहरू, आउँदाखेरी खुसी नै हुनुहुन्छ उहाँहरू, जति मैले कुरा गर्न सके, जति कुराहरू गरेर उहाहरूलाई भन्न सके खुसी नै हुनुहुन्छ कहिले पनि तपाईले यो गर्दिनुभो मेरो लागी, तपाईले मलाइ यस्तो भनिदिनु पर्थ्यो नि यो ची भनिदिनुभो भन्ने गुनासो आजसम्म सुनेको छैन । र यो गुनासो direct भन्न पन आउँदैन तर, कतै गएर भन्थ्यो होला, अनि तिमीले यो गर्यौ नि भन्थ्यौ होला त्यो पनि मेरो कानमा सुन्न आको छैन । त्यै भएर होला त्यस्तो साह्रो चाही अब समूह छ नि हाम्रो समूहरू, अब यो संस्थाले हाम्रो पहिले चाही हाम्रो टोलटोलकै समूह भयो । पछि चाही हाम्रो माथिल्लो छाता संघठनमा यो संस्था रह्यो । अनि तलबाट सबै टेवाहरू महिला समूहहरू । अनि यसरी भाको हिसाबले म पनि एउटा टोलकै हो, यहाँ आको छु । अरू साथीहरू पनि हुनुहुन्छ हामी जस्तै अहिले हामी कार्य समितिमा ९ जना छौ, यसरी नै आको छौ । तर, पछि गएर हामीले यो संस्थामा आउँदा खेरी कहिले काँही चुनाव जस्तै हुन्छ । कहिले काही चुनावमा कति जना साथीहरू फ्याकिनु हुन्छ । म चाही फयाकिने भन्दाखेरी पनि, म अब समय दिन सक्दिन, स्वास्थ्य स्थिति पछाडि गएर म अलिकति कमजोडी पनि भए । मलाई मुटु सम्बन्धी रोग पनि लाग्यो । त्यसकारणले pressure पनि, समय दिन सक्दिन भन्दाखेरी पनि मैले चाही बाध्यता नै छ मेरो, तपाई बस्नुपर्छ , तपाई भनेको पुरानो अब पुरानो-पुरानो यही जरा ढल्न लागी सक्यो । त्यही पनि साथीहरू पुराना भन्न छोड्नुभाको छैन । त्यसरी, होला मिस ।

दिपा श्रेष्ठः तपाईलाई महिलावादको कुरा गर्दा यो महिलावादको कुरा हाम्रो समाजमा आएपछि तपाई सानो हुँदा देखि अहिले सम्ममा समाजमा के-कस्तो परिवर्तन आयो जस्तो लाग्छ, यो महिलावादको कुराले गर्दा खेरी ?

बुद्द राईः पहिले भन्दा त आकाश-पताल कै फरक छ । पहिला त महिलाले आफ्ना आवाज उठाउनै हुदैन । आफूभन्दा ठूलो मान्छे सँग चाही जवाफ फर्काउनु नै हुदैन । अधिकारको त कुरै छाड्दिउ । आफूभन्दा अलिक ठूलो मान्छेसँग जवाफ पनि फर्काउनु मिल्दैन, बोल्नु पनि हुदैन, कसैको कुरा पनि काट्नु हुदैन । अनि छोरी मान्छे त सर्वप्रथम त अगाडि गएर बोल्यो कि "नेतानी" भन्ने "नेता" पनि होइन "नेतानी" । यो पोथी बासेको यो धेरै दिन टिक्दैन खालका कुराहरू हुन्थ्यो । तर, अहिले हुदैन किनभने बोल्नु पर्छ, आफ्नो कुराहरू राख्नु पर्छ, भन्न सक्नुपर्छ । हरेक ठाउँठाउँमा भाको सूचना हामीले सुन्ने पनि अधिकार छ, बोल्ने पनि अधिकार छ । बोल्ने भन्दैमा जथाभावी होइन आफ्ना अधिकारका लागी बोल्न पाउनुपर्छ अनि यसरी धेरै कुराहरूको पहिला र अहिलेमा त धेरै फरक छ । अब हाम्री आमाहरूको त कुरै छाड्दिउ हाम्रै पालामा पनि धेरै मान्छेहरूले धेरै महिलाहरूले त बोल्नै पाउनु हुदैन थियो । अनि सासु र बुहारीको तुलानामा जहिले पनि सासु माथी बुहारी तल कहिँले काँही त सासु पनि तल हुनु नि त्यो हुँदैन थियो । अहिले धेरै कुराहरूको परिवर्तन, समाजमा धेरै कुराहरू परिवर्तन भइसके पनि ।

दिपा श्रेष्ठः तपाईलाई हामीले अहिले गरेको गफगाफ तपाइको personal जीवनको सबै हामीले रेकर्ड गरेर पछि केही form मा ल्याउँछौ । यस्तो कुरा तपाईको हिसाबमा कतिको महत्वपूर्ण छ होला जस्तो लाग्छ, तपाईले गरेको काम किनभने तपाई महिला विकासको लागि अग्रसर भएर सबैलाई समेटेर अगाडि लिएर तपाईको experience हाम्रो लागी एक्दमै important हुन्छ तर तपाईलाई आफ्नो हिसाबबाट यो process कतिको important छ होला जस्तो लाग्छ?

बुद्द राईः यो त जे भए पनि हामी पहिला देखि महिलाहरूको क्षेत्रमा काम गरिराखेकोले एउटा मानिलिउ उदाहरणमा मेरै जीवनमा यसरी परिवर्तन मैले कसैको कुराहरू सुन्दै आउँदा खेरी मलाई नै एउटा कथा जस्तो लाग्थ्यो यस्तो पनि हुन्थ्यो र पहिले यो मैले सुन्नु, मैले भोग्नु भन्दा अगाडिको कथाहरू पनि हामीले सुन्थिम् पहिले कति जनाले अब हामीलाई तालिम, गोष्ठीमा पनि सुन्थिम् । अनि यस्तो ठाउँमा यस्तो-यस्तो हुन्थ्यो रे, महिलाहरूले बोल्न नपाउने, महिलाहरूको मुखमा पट्टी लगाउने, महिलाहरूले हिड्न नपाउने, महिलाहरूले चाहेको लगाउन नपाउने यस्तो खालको उदाहरण सुन्दा खेरी अनि पछी बाट यस्तो उदाहरण सुन्दा खेरी लाउन नपाको खान नपाको बेग्लै छ, लाउन पाएर बोल्न सक्ने भएको, हिड्न सक्ने भाको, आवाज उठाउन सक्ने भाको पनि देख्यौनी उदाहरणहरू । अनि यसरी नै उदाहरणहरू देख्दा-देख्दै अब मेरो जीवन, मैले पनि धेरै संघर्ष गरे महिलाहरूको लागी अथवा मेरो लागी । म पीडित भएरै संघर्ष नगरे पनि म जस्तै महिलाहरुको लागी मैले धेरै संघर्ष गरे । मेरै उदाहरणले पनि अरू कसैको जीवनमा उदाहरण नै बन्छ अनि राम्रो हुन्छ । यसरी, नै गर्नुपर्दो रहेछ भन्ने खालको हौसला जाग्छ भने चाही अलिक important नै हुन्छ जस्तो मलाई लाग्छ । यसरी, नै नै उदाहरण सुन्दै मान्छेहरू अगाडि बढेको direct अरेको कुरा भन्दा पनि प्रत्यक्ष बोलेको, केही लेखहरू हेर्न पाउनु भयो भने चाही परिवर्तन हुन्छ होला जस्तो मलाई लाग्छ ।

दिपा श्रेष्ठः तपाई आदीवासी जनजाती महिलामा पर्नुभयो । त्यो आदीवासी जनजाती महिलामा परेको कारणले गर्दा खेरी तपाईलाई अगाडि बढ्नमा केही समस्याहरू आयो कि आएन? अब धेरै रोकथाम हुन्छ नि आदीवासी जनजाती महिलालाई विशेष गरी, तपाईहरूले चाँही केही समस्या भोग्नु पर्यो कि परेन आफ्नो समुदायले गर्दा खेरी?

बुद्द राईः अब आदीवासी जनजातीहरूका लागी धेरै राम्रो-राम्रो पढे लेखेकालाई त धेरै कुराहरू पनि आयो । राम्रै खालको कुराहरू पनि आको थियो । अब मलाई त खासै त्यस्तो खालको अलिक पछुतो चाही लागेको होइन पढ्न पाएको भए केही हुन्थ्यो, केही गर्ने थिए, गर्न सकिन्थ्यो । अब यो पछुतो अलिकति लागेको छ । त्यस्तो खालको नराम्रो त्यसरी कतैबाट नराम्रो कुराहरू चाँही आएको छैन ।

ज्योत्सना : तपाई महिला अधिकारकर्मी हुनुहन्छ तपाईको गाइघाटमा पनि महिला अधिकारकर्मीहरू हुनुहन्छ, तपाई गाइघाटको महिला अधिकारकर्मी र तपाईबिच केही फरक देख्नु भएको छ? नगरपालिकाको श्रोतको कुरा आउँदा के के अजेण्डा बनाउने भन्ने कुराहरू आउँछ, त्यो गर्दा खेरी चाही तपाईले कुनै समस्या भोग्नु भएको छ आफु जनजाती महिला अधिकारकर्मी भएको भएर?

बुद्द राईः श्रोत र साधनमा नगरपालिका र वडामा त फरक नै छ किनभने उहाँहरू भनेको जिल्ला level को, हामी भनेको वडा स्तरीय level मा छौ । धेरै नै अन्तर छ अब यहाँनिरी उहाँहरू

जनजाती भए पनि अलिकति लेखपढ गरेर जिल्लामै सबै कुरो जिल्लामै गर्नुहुन्छ । यहाँ चाही अब यो वडा स्तरीय level मा फरकै छ । हामीलाई छिटो बोलाउदैन हैन, वडाहरूमा यसरी बोलाउदैन । वडाले जनजातीको यस्तो छ, यो छ भनेर त्यस्तो खालको कुराहरू गर्नुहुन्न । यहाँ चाही अब फरक नै छ ।

दिपा श्रेष्ठः धन्यवाद तपाइको समयको लागी तपाइलाई हामीसँग केही सोध्नुछ? केही भन्नु छ भने भन्नुस् है ।

बुद्द राईः मलाई चाहीँ कुनै-कुनै प्रश्नहरूमा अफठ्यारो होला । त्यसको सही जवाफ आएन होला । म क्षमा चाहन्छु । किनभने, अब मलाई बेसी भने पनि सरर बोल्न आउदैन के, अनि मलाई जले प्रश्न कोट्यायो त्यति चाँही म प्रश्न बुझ्े अनुसार जवाफ दिन्छु र प्रश्न बुझ्िन भने अलिकति गार्हो, अफठ्यारो पनि हुन्छ । मेरो त अब धेरै कुराहरू पनि थियो होला । भन्नु पर्ने धेरै कुराहरू थियो । अब तलमाथि हुन जान्छ किन कि लेखेर भन्दाखेरी सरर आउँछ । अब मौखिक भन्दाखेरी यो बाटो हिडौँ कि त्यो बाटो अलिकति बाटो अल्टर पर्छ । कति कुराहरू छुट्यो होला । (अँ .... ) हजुरहरूले अलिकति मिलाएर अलिकति शब्दहरू पनि अल्टर छ मेरो त किनकि एक त जनजाती, अर्कोतिर  मेरो शब्दहरू ठाडो छ । अलिकति मिलाएर, अब त्यो रेकर्ड छ भने पनि त्यलाई सच्चाएर भनिदिनु हुन्छ होला । र धेरै कुराहरू त जीवनमा, जीवन यति छोटो त हुँदैन । जीवन त धेरै लामो हुन्छ तर, बाटो अलिक अफठ्यारो, मोड अलिक अफठ्यारो-अफठ्यारो परेको हुनाले छुट्न पनि सक्यो होला कति कुरा बिचमा । अर्को कुराले पनि मोडियो होला त्यलाई पनि अलिकति सच्चाएर भनि दिनुहुन्छ होला भन्ने मेरो आशा छ । धन्यवाद ! मेरो परिचय पनि म यसरी नै भन्छु । मेरो नाम बुद्द कुमारी राई । घर त्रियुगा नगरपालिका, वडा नं १, जोगीदह, म चेतना महिला समूहको कोषाध्यक्ष हाल पनि । पहिले देखी हाल सम्मै म कोषाध्यक्ष पदमा छु । धन्यवाद!

दिपा श्रेष्ठः धेरै धेरै धन्यवाद तपाइको अमूल्य समय हामीलाई दिनु भयो । आज अब एक्दम धेरै कुरा सिक्न पायौ । तपाइको कथाहरू सुनेर हामीलाई पनि अब हाम्रो काम गर्नमा पनि एक्दमै inspiring भइराको छ । धेरै धन्यवाद आजको समयको लागी ।

बुद्द राईः धन्यवाद !

LOOM